अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज

# अनुमोदन

अनुमोदन राष्ट्रिय दैनिक
anumodankhabar.com
राष्ट्रिय दैनिक

स्वास्थ्य र सौन्दर्यका लागि
शरिरको अनावश्यक तौल घटाउने स्लीम प्लस । Hot shapper belt
दुब्लो पातलो शरिरको तौल बढाउने ।
अनुहारको चाँयापोतो, डन्डीफोर हटाउने क्रिम पाईन्छ ।
सम्पर्क
स्वास्थ्य सरोकार केन्द्र
धनगढी:- ०९१-५२७४०६, ९८०१५००९९९
टीकापुर :- ०९१-५६१२९९, ९८५८४२१७७४

वर्ष : २२ | अंक २८२ | पृष्ठ ४ | साउन १५ बिहिबार २०७७ | 30 Jul. Thu. 2020 , | नेपाल संवत ११४० | मूल्य रु. ५।-

# सुदूरपश्चिम प्रदेशमा बाढीपहिरोको कहर

## एकको मृत्यु, तीन जना वेपत्ता, सयौं घर भत्किए, सयौं परिवार विस्थापित, मार्तडी-साँफे सडकमा भीषण पहिरो

**अनुमोदन टीम, धनगढी/टीकापुर/बाजुरा/कञ्चनपुर**

मंगलबार रातिदेखि परेको अविरल वर्षाका कारण सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, अछाम, बझाङ, दार्चुला, बाजुरा लगायतका जिल्लामा जनधनको व्यापक क्षति भएको छ । बाढी र पहिरोका कारण प्रदेशमा एक जनाको मृत्यु भएको छ । दुई जना वेपत्ता भएका छन् । सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा बाढी र पहिरोका कारण सयौं परिवार विस्थापित भएका छन् । सयौं घरमा क्षति पुगेको छ । भारी वर्षाका कारण बाजुरा जिल्लाको मार्तडीदेखि अछामको साँफेसम्मको सडकखण्डको बार्जुगाडमा भीषण पहिरो गएको छ । पहिरोका कारण यातायात पूर्ण रुपमा अवरुद्ध भएको छ ।

अविरल वर्षाका कारण कैलाली र कञ्चनपुरका दर्जनौ वस्ती डुबानमा परेका छन् । सयौं हेक्टर धानखेतीमा क्षति पुगेको छ ।

सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालयका अनुसार भारी वर्षाका कारण कैलाली जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका अधिकांस वस्ती निकै प्रभावित भएका छन् । धेरै वस्ती जलमग्न भएका छन् ।

कैलालीको भजनीमा बाढीमा तीन जना वेपत्ता भएका छन् । वस्तीभित्र बाढी पसेपछि सुरक्षित स्थानमा जाने क्रममा कैलालीको भजनी नगरपालिका वडा नम्बर ८ का ११ वर्षीय स्केल चौधरी वेपत्ता भएका छन् ।

ईलाका प्रहरी कार्यालय भजनीका प्रहरी निरीक्षक जनक धामीका अनुसार घरमा बाढी पसेपछि नजिकैको कालिका मन्दीरमा ओत लाग्न जाने क्रममा बालक स्केल बाढीमा वेपत्ता भएका थिए ।

भजनी नगरपालिका वडा नम्बर ८ को सोनाफाटामा गैरीनालाबाट काँडा नदीतर्फ बग्दै गरेको अवस्थामा स्थानीयले हेल्मेटसहित करिब ३५ वर्षका एक पुरुषको शव देखेको खबरपछि प्रहरीले खोजतलास गर्ने क्रममा सु.प.प्र. २०-३००१ प ३५०६ नम्बरको मोटरसाइकल फेला पारेको जनाइएको छ ।

***टीकापुरमा ६५ घरमा क्षति***

मंगलबार रातीदेखिको अविरल वर्षाका कारण टीकापुर नगरपालिकाका सबै ९ वटै वडा डुबानमा परेका छन् । टीकापुर नगरपालिकाका विपद सम्पर्क व्यक्ति निर्मला चौधरीका अनुसार वडा नम्बर १ मा जमरा कुलामा आएको बाढी बजारमा पसेको छ । बाढीबाट शिवनगर, चमेलीपुर, विजयनगर बस्तीमा ५० घरमा क्षति पुगेको छ ।

त्यस्तै, वडा नम्बर २ मा १२ तथा वडा नम्बर ६ मा तीन घरमा क्षति भएको छ । नगरपालिकाले क्षति भएका घर तथा डुबानको क्षतिबारे तथ्यांक संकलन भइरहेको जनाएको छ ।

टीकापुर नगरपालिकाका वडा नम्बर २ को सितापुर, वडा नम्बर ५ को शाहीपुर र सिम्रेनी, वडा नम्बर ६ को भगवानपुर र प्रतिपुर, वडा नम्बर ७ को बेलुवा र वैदी, वडा नम्बर ८ को अर्नुवा र वडा नम्बर ९ को खक्रौलागाउँमा सयौँ घर डुवानमा परेका छन् ।

त्यस्तै, जानकी गाउँपालिकाको वडा नम्बर ३, ४, ७, ८, ९ मा दर्जनौ घर डुवानमा परेका छन् । स्थानीय भोजबहादुर चौधरीका अनुसार भदौरे, धर्मापुर र अमरावती कुलामा आएको बाढीका कारण थुप्रै वस्ती डुवानमा परेका छन् ।

त्यस्तै, भारी वर्षाका कारण जोशीपुर गाउँपालिकाका अधिकांश वडा जलमग्न भएका छन् । कान्द्रा र काँडामा आएको बाढीले वडा नम्बर १, ३, ५ र ७ नम्बरका दर्जनौ वस्ती डुबानमा परेका छन् ।

भजनी नगरपालिकाको वडा नम्बर २ को मोहनपुर, वडा नम्बर ३ को ढुसीगाउँ, वडा नम्बर ५ को फुलियापुर गाउँमा बाढी पसेको छ । ढुसी गाउँमा कान्द्रा नदीमा बनाइएको चेकड्याम भत्काएर बाढी वस्तीमा पसेको भजनी नगरपालिका प्रमुख शेरबहादुर चौधरीले जानकारी दिए ।

भजनीको वडा नम्बर २ र ३ मा काँडा नदीको बाढी र वडा नम्बर ५ मा कान्द्रा नदीमा आएको बाढीले मोहनपुर, ढुसी र काँडागाउँमा दर्जनौ घर डुबानमा परेका छन् ।

त्यस्तै, कैलारी गाउँपालिका वडा नम्बर ७ बसन्तामा स्थानीय बलराम चौधरीको घरमा सालको रुख खस्दा तीन जना घाईते भएको प्रहरीले जनाएको छ ।

अविरल वर्षा र बाढीका कारण घरमा रुख खसेपछि ३२ वर्षका बलराम चौधरी, उनकी २८ वर्षीया श्रीमती सावित्री र १३ वर्षीया छोरी बसन्ती घाईते भएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्त एवं प्रहरी नायव उपरीक्षक प्रतीक विष्टले जानकारी दिए । घाईतेहरुको को सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

***लम्कीचुहामा बादीवस्तीसहित दर्जनौ घर डुबानमा***

बाढीका कारण कैलालीको लम्कीचुहा नगरपालिका वडा नम्बर ३ बल्चौरस्थित बादी समुदायको वस्ती डुबानमा परेको छ ।

स्थानीय रमेश वादीका अनुसार अविरल वर्षापछि सो वस्तीका एक सय बढी घर डुबानमा परेका छन् । उनले भने- घरहरु डुबानमा परेपछि प्रभावित परिवारलाई सोही वस्तीमा निर्माण भएका पक्कीघरमा सारिएको छ ।

लम्कीचुहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष भक्तबहादुर चलाउनेले बादी वस्ती डुबानमा परेको खबर आएपछि तत्काल डोजरको मद्दतबाट पानी निकास गरिएको बताए ।

उनले वडा नम्बर ३ कै व्यवस्थितनगरमा बाढी पसेको बताए । त्यस्तै, वडा नम्बर १ को भूरुवागाउ पनि डुबानमा परेको छ ।

अविरल वर्षापछि कैलालीमा कर्णाली, मोहना, कान्द्रा, काँडा र पथरैया लगायतका नदीमा आएको बाढीका कारण भजनी, टीकापुर र लम्कीचुहा नगरपालिका तथा जोशीपुर, कैलारी र बर्दगोरिया गाउपालिका बढी प्रभावित भएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले प्रेषित गरेको सूचनामा उल्लेख छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार देशभर मनसुनी वायुको प्रभाव रहेकोले सुदूरपश्चिम प्रदेशका अधिकांश क्षेत्रमा मंगलबार रातीदेखि नै अविरल वर्षा भइरहेको छ ।

विभागले अविरल वर्षाका कारण सुदूरपश्चिम प्रदेशहरूका अधिकांस नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भूक्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल र पानीको उचित निकास नभएको ठाउँमा डुबानको समस्या बढ्ने भएकोले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । विभागले थप दुई दिन वर्षा हुने सम्भावना रहेको समेत जनाएको छ ।

जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र कैलालीले बुधबार साझसम्म बाढीका कारण जिल्लाभर आठ सय घर प्रभावित भएको जनाएको छ । प्रभावित घरपरिवारलाई नजिकैको विद्यालय, सामुदायिक भवन स्थानान्तरण गरेको कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले बताए ।

प्रमुख जिल्ला अधिकारी बोहराले बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी लगायतलाई परिचालन गरी उद्दार गर्नुका साथै राहत सामग्री वितरण गर्ने कार्य भइरहेको जानकारी दिए ।

***जोशीपुर***

मंगलबार रातीदेखि परेको अविरल वर्षाका कारण कैलालीको जोशीपुर गाउपालिका वडा नम्बर ४ मा पथरैया नदीमा आएको बाढीका कारण सोही वडाको झवहीको खैरनीटोलमा ८ घर डुबानमा परेका छन् । बाढी प्रभावितहरुलाई सुरक्षित स्थानमा सारिएको छ ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका अनुसार जोशीपुर गाउपालिकाको वडा नम्बर ३ मा काडा नदीमा आएको बाढीका कारण फाडिया गाउका २५ घर डुबानमा परेका छन् । बाढी प्रभावितहरुलाई सुरक्षित स्थानमा सारिएको छ ।

त्यस्तै, वडा नम्बर ७ लुवागडका ७४ वर्षीय भजनलाल चौधरी र उनकी ६४ वर्षीया श्रीमती क्षेत्री देवीलाई उद्दार गरि आफन्तको घरमा राखिएको छ ।

***बर्दगोरिया***

अविरल वर्षाका कारण बर्दगोरिया गाउपालिका वडा नम्बर २ कुम्भियामा बुधबार १६ घर डुबानमा परेका छन् ।

त्यस्तै, वडा नम्बर २ कुम्भियाका प्रेमलाल डगौराको दुई तले कच्चीघरमा माथिबाट माटोको ढिस्को खस्दा घर पूर्ण रुपमा क्षतिग्रस्त भएको छ ।

प्रहरीका अनुसार घरभित्र रहेको अन्नपात, लत्ताकपडा सबै क्षति भएको छ । प्रहरीले प्रेमलाल तथा नजिकैका रामशरण डगौंरा र नरेन्द्र रानाको परिवारलाई सुरक्षित स्थानमा सारेको छ ।

***भजनी***

प्रदेश प्रहरी कार्यालयका अनुसार अविरल वर्षापछि भजनी नगरपालिका वडा नम्बर ८ मा पथरैया र काडा नदीमा आएको बाढीका कारण सोही वडाका कृष्णनगर, गोडचौरा, सोनाफाटा, जनकपुर, बाडाढिक, बहादुरपुर, वडा नम्बर ३ का दैलेखीटोल, वर्दवाफाटा, र वडा नम्बर ६ का नवलपुरमा करिब साढे तीन सय घर डुबानमा परेका छन् ।

बाढीका कारण डुबानमा परेका करिब १८ सय जनालाई हुलाकी सडकको कृष्णनगर र सेनाफाटामा सडकमा पाल टागृर राखिएको छ ।

***अछाम***

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका अनुसार अछामको जयगड गाउपालिका वडा नम्बर ६ दर्नामा रहेको दर्ना लघुविद्युत आयोजनामा करिब ८० मटिर माथिबाट आएको पहिरोका कारण क्षति भएको छ ।

विद्युत स्टेशनमा पहिरो आएपछि विद्युत सेवा अवरुद्ध भएको छ ।

त्यस्तै, पञ्चदेवलविनायक नगरपालिका वडा (बाँकी ३ पेजम)



## कैलालीमा ६ हजार बढी घरधुरी प्रभावित

*अविरल वर्षाका कारण कैलालीमा छ हजार बढी घरधुरी प्रभावित भएका छन । जिल्ला प्रशासन कार्यालय कैलालीका अनुसार कैलालीको भजनी, टीकापुर नगरपालिका तथा जोशीपुर र जानकी गाउँपालिकाको छ हजार चार सय पाँच घरधुरी प्रभावित भएको जनाएको छ ।*

*टीकापुर नगरपालिकाको वडा नम्बर ६, ७ र ९ का ८ सय २५ घरधुरी, भजनी नगरपालिकाको १, २, ३, ५, ६, ७ र ८ का दुइ हजार दुइ सय ६५, जोशीपुर गाउँपालिकाको १, २, ३, ४, ५, ६, ७ का २ हजार तीन सय १५ घरधुरी र जानकीका एक हजार घरधुरी प्रभावित भएको जनाइएको छ । प्रशासन कार्यालयका अनुसार भजनी नगरपालिका वडा नम्बर ८ का तीन जना वेपत्ता भएकाहरूको खोजी कार्य जारी रहेको छ ।*

# सुदूरपश्चिम प्रदेशमा अविरल वर्षा जारी

**अनुमोदन समाचार/धनगढी**

मंगलबार रातीदेखि सुदूरपश्चिम प्रदेशभरी नै अविरल वर्षा भइरहेको छ । अविरल वर्षाका कारण प्रदेशका विभिन्न जिल्लामा पहिरो, बाढी, डुबानबाट जनजीवन प्रभावित भएको छ ।

बुधबार दिनभरी सुदूरपश्चिम प्रदेशका नदीमा पानीको वहाव घटबढ हुने क्रम जारी रह्यो ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार डडेल्धुराको महाकाली पारिगाउँ नदीको सतह पाँच दशमलब ५३ पुगेको छ । यो नदीमा पाँच दशमलबर ८० मिटरलाई सर्तकता र सात मिटरलाई खतरा मानिएको छ भने डडेल्धुराकै महाकालीको रंगौ खोलाको सतह एक दशमलब २५ मिटर रहेको छ । यो खोलामा तीन मिटरलाई सर्तकता तह र तीन दशमलब पाँच मिटरलाई खतरा मानिएको छ ।

बैतडीको सुर्नैया गाँडमा एक दशमलब ९४ मिटर सतह पुगेको छ । यस गाँडमा चार मिटरलाई सर्तकता तह र पाँच मिटरलाई खतरा मानिएको छ ।

अछामको कर्णाली असारघाँटमा छ दशमलब ट मिटर सतह पुगेको छ । यसमा सात दशशमलब ९० मिटरलाई सर्तकता र आठ दशमलब ९० मिटरलाई खतरा मानिएको छ ।

डोटीको गोपघाटस्थित पश्चिम सेतीमा तीन दशमलब ३९ मिटर सतह पुगेको छ । यस नदीमा पाँच दशमलब ५० मिटरलाई सर्तकता र छ दशमलब ३० मिटरलाई खतरा मानिने गरेको छ ।

कैलालीको चिसापानी नदीको सतह अहिले घटेको छ । साँझ सात बजेसम्म नदीको सतह नौ दशमलब ८५ मिटर पुगेको छ । यस नदीमा १० मिटरलाई सर्तकता र १० दशमलब आठ मिटरलाई खतरा मानिएको छ ।

तीन खोलामा सर्तकताभन्दा बढी वर्षा

सुदूरपश्चिमको तीन खोलामा सर्तकता तहभन्दा बढी वर्षा भएको छ । कञ्चनपुरको महाकालीको शान्तिपुर बेलौरी, कैलालीको टीकापुर चुरिया र चिसापानीमा वर्षा सर्तकता तहभन्दा बढी भएको हो ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार शान्तिपुर बेलौरीमा २४ घण्टामा एक सय ५८ दशमलब चार मिलिलिटर, टीकापुर चुरियामा दुई सय ७७ दशमलब चार मिलिलिटर र चिसापानीमा दुई सय ६२ मिलिलिटर वर्षा भएको जनाइएको छ ।

यस्तै कैलालीको धनगढी एयरपोर्टमा १९ दशमलब चार मिलिलिटर, निगालीमा २२ दशमलब छ मिलिमिटर, गाइबडे पुन्टुरामा ९३ दशमलब दुई मिलिमिटर, बैतडीको सतबाँझमा ७१ दशमलब आठ मिलिलिटर, डडेल्धुराको जोगबुढामा एक सय १८ दशमलब आठ मिलिलिटर, दार्चुलामा ९१ (बाँकी ४ पेजमा)

दुई कोठा भाडामा

धनगढी उपमहानगरपालिका वडा नं. ८ सेतोपुल नजिकै (क्याम्पस रोड) जाने बाटोमा पक्की घर भएको २ कोठा पक्की भएको र भाडामा लिन चाहने महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला । साथै सबै सुविधा भएको र घर भाडा प्रति कोठा रु. १५००।- मात्र ।

सम्पर्क नम्बर
९८०४६०९३२२

# कैलालीमा वर्षापछि देखिएको दृष्य

















# सुदूरपश्चिम प्रदेशमा बाढीपहिरोको कहर

नम्बर ९ मटेलाका खण्टे भाटको घरमा भारी वर्षाका कारण क्षति पुगेको छ । घरमा क्षति हुदा करिब एक लाख रुपैया मुल्य बराबरको अन्नपात, लत्ताकपडा र भाडाकुडा नष्ट भएको छ ।

त्यस्तै, अछामको ढकारी गाउपालिका वडा नम्बर ७ थारमका नमबहादुर थापाको घर पूर्ण रुपमा क्षतिग्रस्त भएको छ । पीडित परिवारलाई आफन्तकहा सारिएको प्रहरीले जनाएको छ ।

ढकारी गाउपालिकाकै वडा नम्बर ६ को वडा कार्यालय भवन भत्किदा नजिक रहेको मनसरा देवी बुढाको दुई तले घरको पर्खालमा क्षति पुगेको छ ।

अछामको मंगलसेन नगरपालिका वडा नम्बर ५ शान्तिकोटमा झपटसिंह धामीको पर्खाल भत्किएको र घर जोखिममा परेको छ । अविरल वर्षाका कारण जिल्ला अदालतदेखि नगरपालिकाको नया भवनसम्मको सडक अवरुद्ध भएको छ ।

त्यस्तै, तुर्माखाद गाउपालिकाको वडा नम्बर ५ धुरगाउका मनविरे दमाईको घर भत्किएको छ । रामारोशन गाउपालिकाको वडा नम्बर ५ अल्लेरीमा पहिरोका कारण ३५ घर जोखिममा रहेका छन् ।

त्यस्तै, रामारोशन गाउपालिकाको वडा नम्बर ४ ठाडागडामा रहेको भेरगाउ–बुडेतोला जोड्ने झोलुंगेको घटट्खोलातर्फ निरन्तर कटान गरिरहेकोले पुल नै जोखिममा परेको छ ।

रामारोशन गाउपालिकाको वडा नम्बर ५ स्थित ज्युनेरा–नेटाकोट जोड्ने झोलुंगे पुलको दुवैपट्टि निरन्तर कटान भइरहेको छ । भने वडा नम्बर ४ कृ भईतासेन सडकखण्डमा ठाउठाउमा पहिरो खसेको छ ।

**दार्चुला**

दार्चुलाको मालिकाअर्जुन गाउपालिका वडा नम्बर ८ मा रहेको क्याम्पस चोक सडकमा माथिबाट पहिरो खस्दा दार्चुला–गोकुलेश्वर सडकखण्ड अवरुद्ध भएको छ ।

त्यस्तै, शैल्यशिखर नगरपालिका वडा नम्बर ६ चैतलीचौर सडकमा माथिबाट पहिरो खसेको छ ।

जिल्लाको दुहु गाउपालिका वडा नम्बर ३ सेल्लीका इनद्रबहादुर बमको घरमाथिबाट पहिरो आउने खतरा बढेपछि उनको परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

त्यस्तै, लेकम गाउपालिकाको वडा नम्बर ४ तेलीगौडामा भारी वर्षाका कारण धनी गिरीको दुई तले घर भत्किएको छ ।

***डोटी***

डोटीको जोरायल गाउपालिका वडा नम्बर १ गोल्डेनमा सडकमाथिबाट पहिरो खसेर अवरुद्ध भएको छ ।

***डडेल्धुरा***

डडेल्धुराको परशुराम नगरपालिका वडा नम्बर ४ कटालका करनसिंह ऐरीको गाईगोठ भत्किादा तीन वटा पशुचौपाया मरेका छन् ।

***बझाङ***

बझाङको केदारस्यू गाउपालिका वडा नम्बर १ नारीगौडामा खोलामा बाढी आएपछि जयपृथ्वी मार्ग अवरुद्ध भएको छ ।

अविरल वर्षाका कारण जयपृथ्वी नगरपालिकाको वडा नम्बर १० चैनपुरदेखि तलकोट गाउपालिका हुदै ताक्लाकोट शाखा सडकखण्डको तल्कोट गाउपालिका वडा नम्बर १ को सुनिकोटा, वडा नम्बर २ को धमेना र वडा नम्बर ५ को रुपातोला लगातका स्थानमा पहिरोका कारण सडक यातायात पूर्ण रुपमा अवरुद्ध भएको छ ।



**कर्णाली नदीमा पानीको वहाव 'खतरा' तहमा**

मंगलबार रातीदेखिको अविरल वर्षापछि कर्णाली नदीमा पानीको वहावले सतर्कता विन्दू पार गरेको छ ।

कैलालीको चिसापानीमा कर्णाली नदीमा पानीको वहाव १० दशमलव चार मिटर पुगेको छ । कर्णाली नदीमा पानीको वहाव १० मिटरमा पुगेपछि सर्तकता तह र १० दशमलव ८ मिटरमा पुगेपछि खतरा मानिन्छ ।

जल तथा मौसम पूर्वानुमान महाशाखा अनुसार कर्णाली नदीमा पानीको वहाव लगातार सर्तकता तहभन्दा माथि पुगेको छ । महाशाखाका अनुसार चुरियामा पछिल्लो २४ घण्टामा २ सय ७१ मिलिमिटर वर्षा भएको छ भने चिसापानीमा २ सय ६० मिलिमिटर वर्षा भएको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार एक घण्टामा ६० मिलिमिटर, तीन घण्टामा ८० मिलिमिटर, ६ घण्टामा एक सय मिलिलिटर, १२ घण्टामा एक सय २० मिलिलिटर र २४ घण्टामा एक सय ४० मिलिलिटर वर्षालाई "सर्तकता" मानिएको छ ।

त्यस्तै, महाकाली नदीमा पनि पानीको बहावमा निरन्तर बृद्धि भइरहेको छ ।

बुधबार दिउँसो २:३० बजेको मापन अनुसार महाकाली नदीमा पानीको बहाव २ लाख २८ हजार क्यूसेक पुगेको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र कञ्चनपुरले जनाएको छ ।

नदीमा पानीको बहाव बढेपछि तटीय क्षेत्रका स्थानीयलाई सतर्क रहन स्थानीय प्रशासनले आग्रह गरेको छ ।

***कञ्चनपुरमा नदीमा डुबेर बालिकाको मृत्यु***

कञ्चनपुरमा नदिमा डुबेर १८ महिने बालिकाको मृत्यु भएको छ । कृष्णपुर नगरपालिका वाणी भएर बग्ने बन्दा नदिमा डुबेर वडा नम्बर २ की बालिका अमृता थापाको मंगलबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

बालिकाका आमाबुवा सुतिरहेका बेला घर नजिकै रहेको बन्दा नदीमा खेल्न गई खेल्दाखेल्दै नदीमा डुबेको हुनसक्ने ईलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक धर्मेन्द्र रावलले बताए ।

***बाजुरामा पहिरोमा एक बेपत्ता, दुई घाइते***

बाजुराका पत्रकार निमेन्द्र शाहीका अनुसार जिल्लाको बुढिगंगा नगरपालिका वडा नम्बर १ अम्कोटमा पहिरोमा बुधबार एक जना बेपत्ता भएका छन् । घटनामा दुई जना घाईते भएका छन् । प्रहरीका अनुसार पहिरोमा परेर वडा नम्बर १ अम्कोटका २१ वर्षीय धर्मराज पाध्याय वेपत्ता भएका छन् ।

बाख्रा चराउन गएको बेला दिउसो करिब ३ बजेतिर माथिबाट आएको पहिरोमा १७ वर्षका ज्ञानराज पाध्याय र १६ वर्षका हरेन्द्र पाध्याय घाइते भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय, बाजुराका अनुसार पहिरो आएको स्थान नजिकै भएकाले तत्काल प्रहरी परिचालन गरि घाइतेको उद्दार गरिएको छ । घाइतेभध्ये ज्ञानराजको अवस्था गम्भीर रहेको छ ।

जिल्ला प्रहरी कार्यालय, बाजुराका प्रहरी निरीक्षक दानबहादुर रोकायाले वेपत्ता भएका धर्मराजको खोजी कार्य जारी रहेको बताए ।

***बार्जुगाडमा भीषण पहिरो***

भारी वर्षाका कारण बाजुराको सदरमुकाम मार्तडीदेखि अछाममको साँफेसम्मको सडकखण्डको बार्जुगाड प्रहरी चौकी नजिकै भीषण पहिरो गएको छ । सोमबार रातिदेखि आएको अविरल वर्षापछि पहिरो आएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख (प्रहरी नायब उपरीक्षक) टंकप्रसाद भट्टराईले बताए । उनले पहिरो पन्छाउने प्रयास भइरहेको र कम्तिमा दुई दिन लाग्ने बताए ।

पहिरोका कारण मार्तडी–साँफे सडकमा यातायात सञ्चालन पूर्ण रुपमा ठप्प भएको छ । मार्तडी आउन लागेका २० भन्दा बढी मालवाहक ट्रक बाटैमा रोकिएका छन् ।

बाजुरामा सोमबारदेखि भारी वर्षा भइरहेको छ । भारी वर्षाका कारण जिल्लामा सञ्चार सेवा समेत अवरुद्ध भएको छ ।

टेलिफोन सेवा अवरुद्ध भएका कारण बाढी तथा पहिरोबाट भएको क्षतिको विवरण संकलन गर्न समेत कठिनाई भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै बाजुराको बूढीगंगा नगरपालिकाको डावमा पनि माथिबाट आएको पहिरोले सडक अवरुद्ध भएको स्थानीयले बताएका छन् ।

पटकपटकको भारी वर्षाका कारण असार महिनाको अन्तिम सातादेखि मार्तडी–साँफे सडक अवरुद्ध रहेको छ ।

***पहिरोले घर बगायो, पुरै गाउँमा सन्त्रास***

बाजुराको त्रिवेणी नगरपालिका वडा नम्बर ९ ताम्सुमा पहिरोले एक घर बगाएको छ । मंगलबार रातिदेखि निरन्तर वर्षाका कारण पहिरोले एक घर बगाएको स्थानीय मदन थापाले बताए ।

थापाका अनुसार पहिरोका कारण एक घर पूर्ण रूपमा बगेको छ । पहिरो आएको ठाउबाट पाँच घर नजिक रहेका छन् । पहिरोका कारण ताम्सुगाउ पुरै सन्त्रासमा रहेको छ । ताम्सुमा ५० घरपरिवारको बसोबास छ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले हाल सुदूरपश्चिमका कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र अछाम तथा प्रदेश २ का महोत्तरी, धनुषा र सप्तरीमा मध्यम तथा भारी वर्षा भइरहेको जनाएको छ ।

देशका अन्य भूभागका केही स्थानमा भने हल्कादेखि मध्यम वर्षा भइरहेको छ । महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ भने नेपालको तराई भू–भागनजिक मनसुनी न्युन चापीय रेखा अवस्थित छ ।

बुधबार दिउँसो देशका अधिकांश स्थानमा सामान्य बदली रही धेरै स्थानहरूमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशहरूका थोरै स्थानहरूमा र प्रदेश १, प्रदेश २, बागमती प्रदेश र कर्णाली प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको पनि महाशाखाले जनाएको छ ।



# दार्चुला प्रशासनले भारतीय पक्षलाई पत्र पठायो

**अनुमोदन समाचार/दार्चुला**

जिल्ला प्रशासन कार्यालय दार्चुलाले सीमावर्ती भारतीय प्रशासन धार्चुलालाई प्रतिउत्तर पठाएको छ । असार ३० मा भारतीय प्रशासनले पठाएको पत्रको प्रतिउत्तर नेपाली प्रशासनले १३ दिनपछि पठाएको हो ।

धार्चुला प्रशासनलाई मंगलबार पत्राचार गरिएको दार्चुलाका प्रमुख अधिकारी शरदकुमार पोखरेलले जानकारी गराए । भारतीय पक्षले दाबी गरेको क्षेत्र नेपालकै भएको व्यहोरा सहितको पत्रचार गरिएको पोखरेलले जानकारी गराए ।

पत्रमा ऐतिहासिक तथ्यका आधारमा सीमा क्षेत्रको भूमि नेपालकै भएको दाबी गरिएको छ । सुगौली सन्धी र तत्कालीन 'इस्ट इण्डिया कम्पनी'बीच भएको सम्झौताको तथ्य उल्लेख गरिएको छ ।

नेपाल र इस्ट इण्डिया कम्पनीबीच भएको सुगौली सन्धीको धारा ५ तथा तत्कालीन नक्साहरु एवं प्रमाणका आधारमा लिपुलेकसहित गुन्जी, नाबी, कुटी, लिम्पियाधुरालगायतका क्षेत्र नेपाली भूभागमा भएको पत्रमा उल्लेख गरिएको छ । धार्चुलाका उपजिल्ला अधिकारीलाई सम्बोधन गर्दै दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी टेकसिंह कुँवरले पत्राचार गरेका हुन् ।

नेपाली भूमि भएकाले आवागमन स्वभाविक भएको पत्रमा उल्लेख छ । नेपालीको आवागमनमा बाधा अड्चन हुनुहुँदैन भन्ने नेपाली धारणा भारतीय पक्षलाई पठाइएको पत्रमा उल्लेख छ ।

असार ३० मा सीमावर्ती प्रशासनले पत्र लेख्दै ती क्षेत्र आफनो भएको दाबी गर्दै पत्रचार गरेको थियो । कालापानी र लिम्पियाधुरा क्षेत्र भारतले आफनो भएको दाबीसहित नेपालीहरुको घुसपैठको सूचना दिन आग्रह गरेको थियो ।

धार्चुलाका उपजिल्ला अधिकारी अनिलकुमार शुक्लले दार्चुला प्रशासनलाई पत्र लेखेका थिए ।

# लैंगिक उत्तरदायी बजेटबारे अनलाईन अन्तर्क्रिया

**अनुमोदन समाचार/धनगढी**

सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहका उपप्रमुख/उपाध्यक्षहरुको सहभागितामा बुधबार "लैंगिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयनको अवस्था" सम्बन्धी अनलाईन अन्तर्क्रिया भएको छ ।

जुरी नेपालको आयोजनामा भएको अन्तर्क्रियामा सुदूरपश्चिम प्रदेशका विभिन्न नगरपालिका तथा गाउपालिकाका उपप्रमुख तथा उपाध्यक्षहरु सहित २८ जनाको सहभागिता रहेको थियो ।

अन्तर्क्रिया कार्यक्रममा गत आर्थिक वर्षमा स्थानीय सरकारको योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयमा स्थानीय तहका उपप्रमुख/उपाध्यक्षहरुको अनुभव, भोगेका चुनौति, सवल पक्ष र राम्रा अभ्यासबारे छलफल भएको थियो ।

त्यस्तै, चालू आर्थिक वर्षमा लैंगिक उत्तरदायी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयन, आगामी दिनमा अपनाउनु पर्ने रणनीति लगायतका विषयमा पनि छलफल भएको थियो ।

कार्यक्रममा सहभागी उपप्रमुख/उपाध्यक्षहरुले कोरोना महामारी रोकथाम तथा नियन्त्रणबारे गरिएका प्रयासहरु, भोगेका चुनौती तथा सवल पक्षबारे आआफ्ना भोगाई प्रस्तुत गरेका थिए ।

त्यस्तै, सहभागीहरुले महिला, अपाङ्गता भएका व्यक्ति, अशक्त, असहायहरुका लागि स्थानीय तहहरुले अघि बढाइरहेका कार्यक्रम र प्रयासहरुबारे पनि धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा पुर्चौडी नगरपालिका (बैतडी) का उपप्रमुख जानकी ऐर बम, गोदावरी नगरपालिका (कैलाली) का उपप्रमुख रत्ना कडायत, पुनर्बास नगरपालिका (कञ्चनपुर) का शारदा बिष्ट, साफेबगर नगरपालिका (अछाम) का बिमला बुडथापा, बडिमालिका नगरपालिका (बाजुरा) का कविता बिष्ट, बडिकेदार गाउपालिका (डोटी) का उपाध्यक्ष इन्दिरा बोहरा र भीमदत्त नगरपालिका (कञ्चनपुर) का उपप्रमुख सुशीला चन्द सिंहले धारणा व्यक्त गरेका थिए ।

त्यस्तै, बुढिगंगा नगरपालिका ( बाजुरा) का उपप्रमुख तारा खाती, परशुराम नगरपालिका (डडेल्धुरा) का उपप्रमुख कलावती बोहरा, पञ्चदेवलबिनायक नगरपालिका (अछाम) का उपप्रमुख अम्बिका चलाउने, कमलबजार नगरपालिका (अछाम) का उपप्रमुख भूमिशरण ढकाल बजगाईं, मंगलेसन नगरपालिका अछामका उप्रमुख सरिता उपाध्याय र जयपृथ्वी नगरपालिका बझाङका उपप्रमुख जुना जाग्री, र महाकाली नगरपालिका कञ्चनपुरका उपप्रमुख चिनी गिरीले धारणा व्यक्त गरेका थिए ।

कार्यक्रमा अधिवक्ता शर्मिला श्रेष्ठ तथा अधिवक्ता सुन्दर बहादुर सेनीले स्थानीय तहको योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था लगायतका विषयमा सहजीकरण गरेका थिए ।

कार्यक्रममा जुरी नेपालका महासचिव रुकमणि महर्जनले स्वागत गरेकी थिइन् भने परियोजना प्रबन्धक अनिता भूजेलले कार्यक्रमको उद्देश्यबारे जानकारी गराएकी थिइन् ।

# उद्दारमा खटिएको सेनाको गाडी पल्टियो

**अनुमोदन समाचार/धनगढी**

कैलालीमा बाढी पीडितको उद्दारमा खटिएको नेपाली सेनाको गाडी पल्टिएको छ ।

जिल्लाको भजनी नगरपालिका वडा नम्बर ६ महादेउलामा बाढी पीडितको उद्धारमा खटिएको नेपाली सेनाको लु १ ग २८१ नम्मबरको टु–टन गाडी बाटो नदेख्दा पल्टिएको हो ।

बुधवार दिउँसो तेघरी व्यारेक बाट गएको नेपाली सेनाको गाडी पानिमा डुबेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रतीक विष्टले डुवानमा परेकाको उद्धारमा खटिएको नेपाली सेनाको गाडी काडा नदी नजिक पल्टिएको बताए । उनले थप विवरण आउन बाँकी रहेको बताए ।

लैंगिक हिंसा हटाऔं, मानव बेचबिखन अन्त्य गरौं ।


निर्धारित मोलभन्दा बढि मोल लिई माल वस्तु विक्री गरी कालो बजारी गर्ने, अत्यधिक मुनाफा लिने, माल वस्तुको विचलन, जम्माखोरी तथा कृत्रिम अभाव सिर्जना गर्ने, झुक्याई विक्रीवितरण गर्ने, जस्ता गैर कानुनी क्रियाकलापहरू नगरौं र नगराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


## तपाईंको आजको दिन

**मेष** : (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वस्त्र लाभपनि हुनेछ ।

**मिथुन** : (का, कि, कु, घ, ङ, छ, के, को, हा)
धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । भौतिक साधन जुटाउने समय छ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।

**सिंह** : (मा. मि. मु. मे. मो. टा. टि. टु, टे)
भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ मिल्नेछ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**वृश्चिक** : (तो. ना, नि, नु, ने, नो, या, यी, यु)
आजको दिन गरेका काममा ढिलासुस्ती हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ संयम रहनु होला । दिनको उत्तरार्धमा अधिक धन खर्च हुनेछ ।

**मकर** : (भो, जा, जि, खि, खो, खे, गा, गि)
वद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** : (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
ाज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ ।

**वृष** : (इ, उ, ए, ओ, वा, वी, वे, वु, वो)
शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
समय प्रतिकुल भई कुलतमा मन जानेछ । घर परिवारमा झैं-झमेलाको अवस्था आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला ।

**तुला** : (र, रि, रु, रे, रो, ता, ति, तु, ते)
आज धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । राज्यबाट मानसम्मान मिल्नेछ । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वाहान सुखपनि मिल्नेछ ।

**धनु** : (यो, ये, मा, भि, भु, ध, फा, ढ, भे)
आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिन छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**कुम्भ** : (गु, गे, गो, सा, सि, सु, से, सो, द)
अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा-समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**मीन** : (दी, दु, थ, झ, ञ, दे, दो, चा, चि)
स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवाद बढ्नेछ । चोटपटकपनि लाग्न सक्नेछ ।

# सुदूरपशिचम प्रदेशमा कोराना

**अनुमोदन समाचार/धनगढी**

सुदूरपश्चिम प्रदेशमा बुधबार थप ७४ जनामा कोरोना पुष्टि भएको छ । सेती प्रादेशिक अस्पतालको प्रयोगशालामा ५७ र डडेल्धुरा अस्पतालमा १७ गरी ७४ जनामा कोरोना पुष्टि भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डाक्टर जागेश्वर गौतमका अनुसार डडेल्धुरामा भएको परीक्षणमा डोटीका १५ र बैतडीका दुई जनामा संक्रमण पुष्टि भएको हो ।

यता सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलिप कुमार श्रेष्ठका अनुसार ३८ पुरुष र १९ महिला गरी ५७ जनामा कोरोना पुष्टि भएको हो । पछिल्लो २४ घण्टामा दुई सय जनाको कोरोना परीक्षण भएकोमा डोटीका ३७, कैलालीका ८, कञ्चनपुरका ८ र डडेल्धुराका चार जनामा संक्रमण पुष्टि भएको हो ।

सूचना अधिकारी श्रेष्ठका अनुसार सबैभन्दा बढि डोटीको आदर्श गाउँपालिकामा ३७ जनामा कोरोना देखिएको छ । उनीहरु मध्ये १४ महिला र २३ पुरुष रहेका छन् ।



चार जना भने एक बर्षमूनीका बालबालिका समेत रहेको सूचना अधिकारी श्रेष्ठले बताए ।

यस्तै कञ्चनपुरको भीमदत्त नगरपालिकाका चार पुरुष र एक महिला गरी पाँच जना, बेलौरी नगरपालिकाका दुई पुरुष र एक महिला गरी तीन जनामा समेत कोरोना पुष्टि भएको उनले बताए ।

सूचना अधिकारी श्रेष्ठका अनुसार कैलालीको भजनी नगरपालिकाका तीन पुरुष र दुई महिला गरी पाँच जना, बर्दगोरीया गाउँपालिकाका दुई पुरुष र एक महिला गरी तीन जनामा पनि कोरोना पुष्टि भएको छ ।

डडेल्धुराको परशुराम नगरपालिकाका चार पुरुषमा समेत कोरोना पुष्टि भएको सूचना अधिकारी श्रेष्ठले बताए ।

## राजमार्ग किनारका संरचना हटाउन सूचना

**अनुमोदन समाचार/सुखड**

कैलालीको घोडाघोडी नगरपालिकाले पुर्वपश्चिम राजमार्ग किनारमा रहेका पसल, खोका, टहरा र निर्माण सम्बन्धि सामग्रीहरु हटाउन सूचना जारी गरेको छ ।

नगरपालिकाले सुक्तीकाडा नदीदेखि पश्चिममा आमखोइयासम्मका पसल, टहरा, खोका र निर्माण सामग्रीहरु हटाउन सूचना गरेको छ । सूचना प्रकाशित भएको १५ दिनभित्र ती संरचना हटाउन भनिएको छ ।

सडक क्षेत्रमा पसल, टहरा, खोका राख्नाले दुर्घटना बढेको र नगरपालिका सुन्दर व्यवस्थित बनाउन सूचना प्रकाशित गरिएको नगरपालिकाले जनाएको छ ।

साउन १० गते बसेको सर्बपक्षिय बैठकबाट सडकको दायाँबायाँ २५ मिटर सम्मको सिमाना खाली गर्ने निर्णय भएको थियो ।

## सुदूरपश्चिम. . .

दशमलव दुई मिलिलिटर, साहुँखर्कमा २१ दशमलव छ मिलिलिटर, अछामको साफेबगरमा २१ दशमलव छ मिलिलिटर, डोटीको चिउरीमा एक सय २४ मिलिलिटर, अछामको असारघाटमा एक दशमलव चार मिलिलिटर वर्षा भएको जनाइएको छ ।

यस्तै अछामको मंगलसेनमा ६६ दशमलव छ मिलिलिटर, कमलबजारमा ६३ दशमलव छ मिलिलिटर वर्षा भएको जनाइएको छ ।


### धनगढी उप-नगरपालिका
### नगर कार्यपालिकको कार्यालय

#### नगरबासीमा हार्दिक अपील

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) फैलिन नदिन उच्च सतर्कता अपनाउनु आवश्यक छ । यसको जोखिमसंग जुध्न चुस्त बन्दोबस्त गरिएन भने त्यसले ठूलो मानवीय क्षति निम्त्याउने खतरालाई बुझेर उपमहानगरको श्रोत साधनले भ्याएसम्म सतर्कता, चेकजांचमा जुटेको ब्यहोरा सादर निवेदन गर्दछौं ।

सतर्कता, कोभिड १९ को चेकजांच र कार्यमा सबै क्षेत्रबाट सहयोग पुगिरहेको छ । अझैपनि उमहानगरपालिका आआफ्नो ठाउँबाट सहकार्य र समन्वयलाई निरन्तरता दिनहुन राजनितिकदल नगरवासी, स्थानीय प्रशासन र राष्ट्र सेवक सुरक्षाकर्मीहरु, नेपाल रेडक्रस सोसाइटी धनगढी,ब्यापारी लगायतका सामाजीक संघसंस्थाहरु संग समेत हार्दिक अपिल गर्दछ ।

सरकारले कोभिड१९ (कोरोना भाईरस) को संक्रमण फैलन नदिन बैशाख १५ गते सम्मका लागि सिंगो देश लकडाउन गरेको छ । सरकारले निर्णयको पालना गर्न सम्पूर्ण नगरवासीमा अनुरोध गर्दछौं । अहिले खाद्यान्न र तरकारीका पसल बन्द रहेकाले अतिआवश्यक दैनिक उपभोग्य बस्तुको होम डेलिभरी गरि दिनहुन उद्योग वाणिज्य संघ कैलाली, किराना ब्यावसायी संघ कैलाली, दुग्ध ब्यावसायी, तरकारी ब्यावसायी लगायतका सबैमा आग्रह गर्दछौं ।

भारत र तेश्रो मुलुकहरुबाट फर्किएका आफ्नै परिवारको सदस्य भएपनि २१ दिन सम्म घरमा छुट्टै राख्न , रुमाल, लत्ताकपडा लगायतका बस्तुहरुबाट सजिलै भाइरस सर्नसक्ने भएकाले एक अर्कोलाई प्रयोग गर्न नदिन अनुरोध गर्दछौं । लकडाउनका कारण छाक टार्न समस्या भएका परिवारले सम्बन्धीत वडाका वडा अध्यक्ष, स्थानीय प्रशासन र नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधीहरु संग समन्वय गरेमा सम्बन्धीत ठाउँमा नै खाद्यान्न उपलब्ध गराउने ब्यबस्था गरिएको जानकारी गराउन चाहन्छौं । खाद्यान्न खरिद गर्न सक्ने, जगेडा खाद्यान्न भएको परिवारलाई राहात नलिन र लिएको पाइएमा कडा कार्वाही गरिने ब्यहोरा अवगत गराउँछौं ।

साथै कोरोनाको जोखिमबाट बच्नका लागि मास्कको प्रयोग गर्न, पटक पटक साबुन पानीले हात धुन, सरसफाइमा ध्यान दिन र ज्वरो आउने, थकाई लाग्ने, सुख्खा खोकी लागिर हेमा स्वास्थ्यकर्मीको परामर्श लिन सबैमा हार्दिक आह्वान गर्दछौं ।

**सुशीला मिश्र भट्ट**
नगर उपप्रमुख

**नृपबहादुर वड**
नगरप्रमुख



### छिमेकी समुह तथा जिल्ला बाहिरका उपभोक्ताहरुको लागि काठ दाउरा विक्रि वितरण सम्बन्धी सुचना

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रवाट संकलनगरी सामुदायीक वन उपभोक्ता समुहको कम्पाउण्डमा घाटगद्धी भएको अस्ना, हल्दु, खयर, सादन गरी विभिन्न ग्रेडको १९ थानको १३६.९ क्यूफिट काठ र दाउरा ०.५० चट्टा यस समुहका उपभोक्तामा खपत नभइ छिमेकी समुह तथा जिल्ला भित्रका उपभोक्ताहरुको लागि विक्रिवितरण गर्न यो १० दिने सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिन भित्र यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा निवेदन दाखीला गर्न हुन सबैमा जानकारीको लागि अनुरोध गर्दछु ।

**श्री टेंगनहुवा सामुदायिक बन उपभोक्ता समुह**
घोडाघोडी नगरपालिका १, कैलाली



### विशेष छुटका साथ
### अब चौधरी फेसन टेलर्समा



हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका
साथै सिलाई पनि गरिछ ।

रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००।- मा




प्रो. विष्णु चौधरी
(९८४८४७१३४२)

**चौधरी फेसन टेलर्स**
धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)



### सामाजिक विकास मन्त्रालयद्धारा जनहितमा जारी सन्देश

## कोभिड-१९ का मुख्य लक्षणहरू



ज्वरो
(१००.४ °F भन्दा माथि)

श्वास प्रश्वासमा
अत्याधिक समस्या

रुघा र खोकी

*नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउँको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**



- नियमित रूपमा साबुन-पानीले हात धुने ।
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

**सामाजिक विकास मन्त्रालय**
सुदूरपश्चिम प्रदेश
नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा



## एडुपल नेपाल विशेष तयारी कक्षा

- नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड
- शाखा अधिकृत, ना.सु., खरिदार, महिला विकास
- प्रहरी निरीक्षक(इन्सपेक्टर), प्र.सहायक निरीक्षक, (अ.स.ई.), प्रहरी जवान, नेपाली सेना
- अ.हे.व., अ.न.मी.,H.A., STAFF NURSE
- SEE ब्रिजकोर्ष
- Korean Language Class

**लोक सेवा तयारी कक्षा प्रशिक्षकहरुको नाम**

डा. टोकराज पाण्डेय | गोकर्णप्रसाद उपाध्याय | बद्रीप्रसाद कार्की
सुभाष अर्याल | विकास अधिकारी

- नेपालकै प्रख्यात लेखकतथा विज्ञहरुबाट कक्षा सञ्चालन
- विगतका परीक्षाहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल
- होस्टेलको व्यवस्था भएको

कक्षा सञ्चालन : विहान र बेलुका

**Edupal Nepal**
The Complete Education & Training Hub
Ratopool, Dhangadhi,kailali,
Tel: 091-523368





अनुमोदन दैनिकका लागि प्रकाशक/कार्यकारी सम्पादकः प्रकाशविक्रम शाह, प्रबन्ध सम्पादकः भरत शाह , सह-सम्पादकः श्रवण देउवा, कार्यालयः पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१-५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: *www.anumodankhabar.com*, मुद्रणः समैजी अफसेट प्रेस, धनगढी, प्रधान सम्पादकः मनमोहन स्वाँर